
OPEN MIC NEPAL
Listen. Verify. Report



'ओपन माईक नेपाल' बुलेटिनको सातौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो उद्देश्य हो।

## हल्ला



### बाबरे, दोलखा

"जस्ता र फलामले बनेको घरमा बस्नु हुन्न, चट्याङ् पर्छ भन्ने हल्ला छ।"

## यथार्थ

चट्याङ् पर्दा बायुमण्डलमा उत्पन्न भएको विद्युतीय शक्ति जमिनमा प्रवाह हुन्छ।

यो शक्ति जमिनमा जाने क्रममा बायुमण्डलबाट सबैभन्दा नजिकमा रहेको स्थानबाट प्रवाह हुने भएकोले डाँडा, रुख वा टावरमा चट्याङ्को बढि सम्भावना हुन्छ।

चट्याङ् घर वा मान्छेमाथि सोझै परेमा ज्यान लिनसक्ने वा घरमा क्षति पुग्न सक्ने संभावना हुन्छ।

जस्तापाता, फलाम वा अन्य धातुले बनेको घरमा चट्याङ्को सम्भावना बढि हुँदैन।

होचा स्थान वा संरचनामा चट्याङ्को सम्भावना कम हुने हुनाले जस्तापाताका अस्थायी टहरामा चट्याङ्को सम्भावना अझ कम हुन्छ।

जस्तापाता वा फलाम विद्युतको सुचालक हुन्। जस्तापाताले जमिनमा छोएको अवस्थामा चट्याङ् परिहाले पनि बिद्युतीय शक्ति जमिनमुनी जान सजिलो हुने भएकोले यस्ता टहराले आफै अर्थिङ्को पनि काम गर्न सक्छन्।


यदि जस्ताको टहरोमा नै चट्याङ् पऱ्यो भने ठूलो विद्युतीय शक्ति सबै जस्तापातामा फैलने हुनाले जस्तापाताको भित्तोमा छोएर बस्नु जोखिमपूर्ण हुन्छ। त्यसैले जस्ता वा फलामको भित्तामा भित्रबाट सुकेका काठ वा बाँसको बार लगाउनु राम्रो हुन्छ।

तपाईं चट्याङ्को बढि जोखिम भएको स्थानमा बसोबास गर्नुहन्छ भने चट्याङ्बाट सुरक्षित हुनका लागि अर्थिङ् गर्नु राम्रो हुन्छ। त्यसका लागि प्राविधिकको सहयोग लिनुहोस्।

सनी महर्जन
मौशमविद्
जल तथा मौशम विज्ञान विभाग
०१४४२८२२९

दिपक अर्याल
जल तथा मौशम विज्ञान विभाग
त्रिभूवन विश्वविद्यालय
९८५१०७३४६८

# सवाल



## नाम्दु, दोलखा

"हामी गरीब र अपाङ्गहरूलाई घर बनाई दिन्छ रे भन्ने हल्ला छ, यो के होला ?"

## मंगलटार, काभ्रेपलाञ्चोक

"म आँखा देख्दिनँ। मलाई भूकम्प पछि झन गाह्रो भएको छ। राज्यले अहिले सम्म केहि पनि राहत दिएको छैन। अपाङ्गता भएकै कारण समाजमा पनि तिरस्कार गर्छन्। के राज्यले अपाङ्गता भएका व्यक्तिलाई विशेष केहि राहत दिएको छैन ?"

# जवाफ

अपाङ्गता भएका व्यक्तिहरूका लागि सरकारले दातृ निकायहरू माफत् केहि सहयोग गरेको छ। अपाङ्गता भएका व्यक्तिहरू लगायत सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूलाई युनिसेफको सहयोगमा एक पटकका लागि थप रु.३ हजार स्थानीय निकायहरू मार्फत् वितरण भैरहेको छ।

भूकम्पमा परि अपाङ्ग हुन पुगेका व्यक्तिहरूलाई अपाङ्गता भएका व्यक्तिको सूचिमा नाम दर्ता गराउन सरकारले समय उपलब्ध गराएको छ।

यसरी वितरण भएको रु.३ हजार तपाईंले नपाउनु भएको भए आफ्नो गाबिस र नगरपालिकामा सम्पर्क राख्नुहोस्।

राष्ट्रिय अपाङ्ग महासंघ, ह्यान्डिक्याप इन्टरनेशनल लगायतका संघसंस्थाहरूले केहि जिल्लामा अपाङ्गता भएकाहरूका लागि सहयोग गरिरहेका छन्।


भूकम्प अति प्रभावित जिल्लाका अतिरिक्त तनहु र सोलुखुम्बु जिल्लामा महासंघका अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्ने स्वयंसेवक सम्पर्क व्यक्ति छन्। ह्यान्डिक्याप इन्टरनेशनलले काठमाडौँ, भक्तपूर, ललितपूर, सिन्धुपाल्चोक र नुवाकोटमा काम गर्छ।

विशेष सामग्री जस्तै; ह्वील चेयर र सेतो छडी आवश्यक रहेका व्यक्तिहरूले ती संस्थाहरूलाई सम्पर्क गरी त्यस्तो सामग्री प्राप्त गर्न सक्छन्। यस्तो सामग्रीको लागि आवेदन गर्न भूकम्पमा परेर अपाङ्गता भएको हुनुपर्दैन।

**सुदर्शन सुवेदी**
अध्यक्ष
राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल
९८५१०५९३६०

**प्रमिला ताम्राकार**
ह्यान्डिक्याप इन्टरनेशनल
१६६००१७८४८२, ९८०१५७११००

# सवाल



## बिदुर नवाकोट

“गाईबस्तु मरेकालाई सरकारले क्षतिपूर्ति दिन्छ भन्ने सुनिएको छ। भूकम्प पिडितहरुलाई सरकारले बोका खसी सितैमा दिन्छ रे हो ?”

# जवाफ

सरकारले भूकम्पमा पशु चौपाया गुमाएका परिवारलाई लक्षित गरेर कार्यक्रम कार्यान्यन गर्न बजेट विनियोजन गरेको छ। विस्तृत कार्यक्रम भने तयार भइसकेको छैन।

पशुसेवा निर्देशनालयले विस्तृत कार्ययोजना तयार गरेपछि यसमा के कस्ता कार्यक्रम समावेश हुन्छन् भन्ने यकिन हुनेछ। लागत साझेदारीमा बाख्रा वा गाईबस्तु खरिदमा सघाउने कार्यक्रम पनि कार्यक्रममा पर्न सक्छन्।

जिल्ला पशुसेवा कार्यालयहरुले सरकारको पशु चौपाया सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्छन्। भूकम्पमा भएको पशु चौपायाको क्षति सम्बन्धी लगत पनि पशुसेवा कार्यालयले नै राखेका छन्।


केहि गैरसरकारी संस्थाहरुले भने पशु चौपाया क्षति भएको परिवारलाई विभिन्न किसिमको सहयोग उपलब्ध गराएँदै आएका छन्।

हेफर इन्टरनेशनलले सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ र गोरखा जिल्लाका १० गाबिसमा प्रति गाबिस एउटाका दरले तीन महिना भित्र बिउको राँगा उपलब्ध गराउने तयारी गरेको छ। संस्थाले जोत्ने गोरु मरेको परिवारका लागि गोरु उपलब्ध गराउने कार्यक्रम राखेको छ भने र बाख्रा र बंगुरका लागि नाम्ले र जुकाको औषधी पनि वितरण गर्दैछ।

**डा. लोकनाथ पौडेल**
वरिष्ठ पशु विकास अधिकृत
पशु उत्पादन निर्देशनालय
ललितपूर
०१-५५४२९१४

**डा. केशव शाह**
बरिष्ठ कार्यक्रम व्यवस्थापक
हेफर इन्रनेशनल
९८०११८२९२१

# सवाल



## लाप्राक, गोरखा

"यहाँका अधिकांश वालवालिका जन्डिस देखिएको छ। खानपानमा ध्यान दिन उँखु, फलफूल र रसिलो कुरा खान भनेपछि जन्डिस भएका वालवालिकालाई उँखु जस्तै देखिने मकैको ढोड खुवाइयो।"

## लामिडाँडा, दोलखा

"वालवच्चालाई अस्पताल लैजाँदाको सास्ती भएको छ। झाडा लाग्ने जस्ता समस्याले सताउने गरेको छ। "

## काब्रे, दोलखा

"वालवालिकामा स्वास्थ्यको निकै समस्या देखिन थाल्यो, यसको लागि के गर्ने होला ?"

## मंगलटार, काभ्रेपलाञ्चोक

"वालवालिकाहरु बिरामी हुने क्रम बढेको छ।"

## धादिङबेसी, धादिङ

"क्याम्पमा बसेका वालवालिकालाई घाउ खटिरा आउने समस्या देखिन थालेको छ।"

## महादेवस्थान, काभ्रेपलाञ्चोक

"यस भेगमा वालवालिकाहरु निमोनिया र झाडापखालाको उच्च जोखिममा छन्। पानीमा भिजेको चिसो लुगा लगाएर बसेका छन्।"

# जवाफ

वर्षा याममा झाडापखाला, जन्डिस, आउँ जस्ता पानीबाट फैलने रोग देखिन सक्छन्।

पानी उमालेर वा सफा गर्ने औषधी प्रयोग गरेर मात्र पिउने, पानीको स्रोत सफा राख्ने, व्यक्तिगत तथा घर वरपरको सरसफाइमा ध्यान दिने र शौचालयमा मात्र दिशा-पिसाब गर्ने जस्ता उपायले यस्ता रोगबाट बच्न सकिन्छ।

वालवालिकाको छालामा डाबर वा घाउ-खटिरा देखिएमा र ज्वरो आएमा यो दादुरा वा ठेउलाको संकेत हुनसक्छ। दादुरा र रुवेलाको खोप नलगाएका वालवालिकामा यो रोग सर्नसक्ने संभावना बढि हुन्छ।

भूकम्प प्रभावित जिल्लाहरुमा श्रावण ३0 गतेबाट दादुरा, रुवेला र पोलियोको खोप अभियान सुरु भएको छ। नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क राख्नुहोस्।


जन्डिसको लक्षण देखिएमा बच्चालाई तुरुन्त स्वास्थ्य संस्थामा लैजानुपर्छ। जन्डिसको उपचार सुरु गर्नुअघि यो रोग लागेको स्वास्थ्य संस्थाबाट यकिन गर्नुपर्छ।

जन्डिस भएका वालवालिकालाई तागतिलो खानेकुरा खुवाउनुपर्छ। चिल्लो खानेकुरो खुवाउनु हुँदैन। उँखुको काम ढोडको रसले गर्दैन। त्यसैले बच्चालाई यस्ता चिज खुवाउनु हुँदैन।

यदि बच्चाहरुमा दम बढ्ने, छाति घ्यार्घ्यार् हुने, पानी वा आमाको दुध वा खानेकुरा ननिल्ने, आलस्य हुने, बेहोस हुने, ज्वरो आउने, शरिरको तापक्रम घट्ने, दिशामा रगत देखिने जस्ता संकेत देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा लैजानुपर्छ।

डा. बाबुराम मरासिनी
निर्देशक
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
स्वास्थ्य सेवा विभाग
०१-४२६२८६२

# सवाल



## साँगाचोक, सिन्धुपाल्चोक

"भूकम्पमा घर भत्किँदा राहदानी पुरिएको मा पनि नयाँ पासपोर्ट लिन राहदानी हराएको सूचना निकाल्नु पर्ने रे।"

## पाँचखाल, काभ्रेपलाञ्चोक

"भूकम्पले पासपोर्ट पुरियो। खोजी गर्दा भेटिएन। हराएको भनेर हराएको होइन। भूकम्पमा पुरियो। यस्तो अवस्थामा नयाँ पासपोर्ट लिनका लागि के गर्नुपर्छ?"

# जवाफ

भूकम्पमा राहदानी पुरिएको अवस्थामा नयाँ राहदानी उपलब्ध गराउन सरकारले बेग्लै विधि निर्धारण गरेको छ।

राहदानी भूकम्पका कारण पुरिएर हराएको हो भनेर ३ जना साक्षी, गाबिस सचिव र स्थानीय प्रहरी कार्यालयका प्रहरीको हस्ताक्षर रहेको सर्जिमिन बनाई जिल्ला प्रसाशन कार्यालयमा निवेदन दिनुपर्छ।

यस्तो अवस्थामा राहदानी बनाउन थप दस्तुर लाग्दैन। सम्बन्धित जिल्लाबाट बनाउँदा रु. ५ हजार र राहदानी विभाग काठमाडौंबाट बनाएमा रु. १० हजार मात्र बुझाए हुन्छ।

साक्षी र गाबिस सचिव समेतको हस्ताक्षर रहेको सर्जिमिन तयार नगरी राहदानी पुरिएको बेहोराको प्रहरी रिपार्ट मात्र संलग्न गरेर निवेदन दिएर पनि नयाँ राहदानी लिन सकिन्छ। तर, त्यस्तो अवस्थामा भने रु. ५ हजार थप दस्तुर लाग्छ।

यी दुबै अवस्थामा राहदानी हराएको सूचना पत्रिकाबाट प्रकाशित गरिराख्नु पर्दैन।

भूकम्पमा पुरिएको सर्जिमिन वा प्रहरी प्रतिवेदन नभएको अवस्थामा भने सामान्य अवस्थामा राहदानी हराउँदा गर्नुपर्ने प्रक्रिया पुरा गर्नुपर्छ।

जिल्ला प्रशासन कार्यालयले यसरी दिइएको तपाईंको आवेदन लिन अस्विकार गरेमा परराष्ट्र मन्त्रालय अन्तरगतको राहदानी विभागमा सम्पर्क राख्नुहोस्।

**शरदराज अरन**
राहदानी विभाग
परराष्ट्र मन्त्रालय
०१-४४१६०११
एक्टेन्सन : २५१

**यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयंसेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। साउन २१ देखि २८ गतेसम्म स्वयंसेवकहरुले १० जिल्लाका करिब ५४० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्।**

OPEN MIC NEPAL **प्रस्तुत गर्ने संस्थाहरु**

accountabilitylab · Local Interventions Group (global perspectives • local innovations) · Internews